# प्रेस विज्ञप्ती

फाल्गुन २, २०७७

# सिद्धार्थ बैंकको Gen-Z बचत खाता

सिद्धार्थ बैंक लिमिटेडले नयाँ पुस्तालाई लक्षित गर्दै सिद्धार्थ जेन-जेड (Gen-Z) नामक बचत खाता सञ्चालनमा ल्याएको छ । यस बचत खाता ई.सं १९९५ र सो भन्दा पछि जन्मनु भएका ग्राहक महानुभावहरुले शुन्य मौज्दातमै खोल्न सक्नुहुनेछ । यो खाता नाबालकको हकमा पनि खोल्न सकिने छ ।

सिद्धार्थ Gen-Z बचत खाता ग्राहकहरुको माझ बचत सँगसँगै सहज तथा सरल बैंकिङ्गको अनुभुति गराउने उद्देश्यले सञ्चालनमा ल्याइएको अनलाइन मार्फत पनि खोल्न सकिने, आकर्षक ब्याजदर सहितको सुविधा सम्पन्न प्रिमियम बचत खाता हो । यस खातामा रु ५ लाखसम्मको पूर्ण शारीरिक अशक्तता/दुर्घटना मृत्यु बीमा सुविधा समेत प्रदान गरिने छ । बीमा सुविधा दाबी गर्नका लागि भने ग्राहकहरुको खातामा न्युन्तम मौज्दात रु १० हजार हुनुपर्नेछ ।

यस बचत खातामा ग्राहकहरुले विशेष आकर्षकणको रुपमा निम्न सुविधाहरु नि: शुल्क पाउन सक्नुहुनेछ :

- डेबिट कार्ड (पहिलो २ वर्षका लागि)
- क्रेडिट कार्ड (पहिलो १ वर्षका लागि)
- इन्टरनेट बैंकिङ्ग (पहिलो २ वर्षका लागि)
- मोबाईल बैंकिङ्ग (पहिलो २ वर्षका लागि)
- डिम्याट/मेरो सेयर/सि-आस्वा (पहिलो २ वर्षका लागि)
- एसएमएस अलर्ट
- बैंकस्मार्टमा आईपिओ/एफपिओ/हकप्रद सेयर/म्युचल फन्ड अलर्ट
- भाईबर बैंकिङ्ग, ABBS, खाताको स्टेटमेन्ट
- ई-कमर्स कारोबार (नेपाल भित्रको लागि मात्र)
- Connect IPS दर्ता

साथै यस बचत खातामा डिमान्ड ड्राफ्ट जारी शुल्कमा ५०% छुट, शैक्षिक कर्जाको प्रशासनिक शुल्कमा ०.२५% छुट र सिद्धार्थ बैंकस्मार्ट एप मार्फत पहिलो रिचार्ज गर्दा ५% छुटको सुविधाहरु रहेका छन् । बैंकले ल्याएको यस खातामा अधिकतम सुविधाहरु समावेश गरिएको छ । यस योजनाले युवा वर्गहरुलाई बचत सँगसँगै प्रविधिमैत्री बैंकिङ्ग सेवा उपलब्ध हुने विश्वास बैंकले लिएको छ ।

बैंकले आफ्नो सबै सर्भिस आउटलेटहरु तथा एक्स्टेन्सन काउन्टरहरुबाट छिटो, छरितो रुपमा बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। यसै गरी सजिलो बैंकिङ्ग सेवा, एटिएम, POS मेसिनका साथै निक्षेप तथा कर्जा सुविधा, घरैमा बसेर बैंक खाता खोल्न सकिने, क्रेडिट कार्ड तथा डेबिट कार्ड आवेदन दिन सकिने अनलाइन सुविधा, रेमिटेन्स सेवा, एटिएम कार्ड, ४५० भन्दा बढि व्यवसायिक केन्द्रहरुबाट विशेष छुट प्राप्त गर्न सकिने गरी जारी गरिएको Uno क्रेडिट कार्ड जस्ता सेवा मार्फत् बैंकले उच्चस्तरिय बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ।